जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

**फैसला**

सम्बत् २०६९/०७० सालको स.वा.फौ.मि.नं.३७/६४ (**हातहतियार**)

दर्ता मिति :–२०७०/०७/०६

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.७१९ , मिति :– २०७१/०६/२३

| **वादी** | **प्रतिवादी** |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले | जिल्ला पर्सा, पचरुखी गा.वि.स. वडा नं. ८ बस्ने सुखी पटेलको छोरा बर्ष २१ को दिनेश पटेल.......................................... .१ |
| **नेपाल सरकार**.......१ | जिल्ला पर्सा, पचरुखी गा.वि.स.वडा नं.८ बस्ने शेष ताहिर................१ |
| निजको प्रमाण.................................. | निजको प्रमाण..................................................................... |
| साक्षी........................................... | साक्षी.......................................................................... |
| कागज........................................... | कागज.......................................................................... |

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

(१) मिति २०६९।१२।२ गते का.जि.किर्तिपुर नगरपालिका वडा नं.१३ चोभार स्थितमा सुराकीले दिएको हुलिया अनुसार हाल एकिन नाम थर वतन खुल्न आएको जिल्ला पर्सा, पचरुखी गा.वि.स.वडा नं.८ मा बस्ने दिनेश पटेललाई संकास्पद अवस्थामा फेला पारी तत्काल पक्राउ गरी तलासी लिदा निजको साथबाट Automatic Pistol Made in Italy auto pistol ७.६५ mm ७ round लेखिएको पेस्तोल थान १ ऐ., को म्यागिजन थान १ र गोली राउण्डा २ समेत फेला पारी वरामद गरी निजलाई कारवाहीको लागि पेश गरिएको भन्ने समेत व्यहोराको खानतलासी एवं वरामद मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) मेरो घर पर्सा भई सोही ठाउमा घर भएका मेरा चिनजानका साथी शेष ताहिर भन्नेले मलाई भेटी काठमाण्डौं जाऔ काम पाइन्छ, जादा एउटा पेस्तोल लिए जाऔ धेरै पैशा आउछ भनेपछि म हतियार बोक्दिन भन्दा म पनि तिमि संगै काठमाण्डौ जाने हो र म सँग एउटा म्यागिजन सहितको पेस्तोल र २ राउण्ड गोली छ तिमी बोक्नु काठमाण्डौ पुगेपछि म विक्री गर्छु जती पैशा आउछ वाडेर लिउला भनेपछि मैले निजले दिएको पेस्तोल वोकी हामी दुवैजना काठमाण्डौ आई बल्खु भन्दा केही भित्र चौडीमा गई कुरागरी बस्दा सादा पोशाकका मानिसहरु आई सोधपुछ गर्न थालेपछि शेष ताहिर भागी गएका र मलाई प्रहरीले तलासी लिदा मेरो साथबाट पेस्तोल थान १ र गोली राउण्ड २ समेत प्रहरीले फेला पारी पक्राउ गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी दिनेश पटेलले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(३) मिति २०६९।१२।२ गते का.जि.किर्तिपुर नगरपालिका वडा नं.१३ चोभार स्थितमा प्रहरीले दिनेश पटेललाई अवैध पेस्तोल १, म्यागिजन र गोली राउण्ड २ सहित पक्राउ गरेको हो र निजले हात हतियार खरखजना के कहाबाट कसरी ल्याए भन्ने सम्वन्धमा थाहा भएन तर निज दिनेश पटेल हात हतियार ओसार पसार तथा विक्री वितरण गर्ने मानिस हो भन्ने समेत व्यहोराको एकै मिलानको टिकारत्न मानन्धर समेत जना ३ ले गरि दिएको घटना विवरण कागज ।

(४) पक्राउमा नपरी फरार रहेको नाम थर वतन नखुलेको शेष ताहिर भन्ने अभियुक्तको खोज तलास गर्दा गराउदा निजको घर जि.पर्सा गा.वि.स.पंचरुखी वडा नं.८ मा भएको बुझिन आएको तर हलसम्म पनि फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

(५) संकलित कागज प्रमाणहरु, मौकामा बुझिएका टिकारत्न मानन्धर समेतका मानिसहरु, प्रतिवादी दिनेश पटेलले गरेको वयान समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले एक आपसमा मिलेमतो र सरसल्लाह गरी अवैध हतियार पेस्तोल खरिद विक्री,ओसार/पसार गरी आफ्ना साथमा राखेको पुष्टि भएकोले निज प्रतिवादीहरु दिनेश पटेल र शेष ताहिरलाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) ५(१) विपरीतको कसूर अपराधमा सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी वरामद अवैध हतियार पेस्तोल थान १,म्याग्जिन थान १ र गोली राउण्ड २ समेत सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी सहितको अभियोग-पत्र मिति २०६९।१२।२७ मा यस कार्यालयमा पेश भएको ।

(६) शेष ताहिर भन्ने व्यक्तिले पेस्तोल र गोली खाल्डोमा फालेर गएको थियो । मैले पेस्तोल त्याहा रहेको छ भनी प्रहरीलाई देखाई दिएकोमा प्रहरीले मलाई नै पक्राउ गरी ल्याएको हो । मेरो शरिरबाट वरामद भएको होइन । शेष ताहिरलाई चिनेको छैन,अरुले भनेर उसको नाम थाहा पाएको हुं भन्ने समेत व्यहोराको प्रतिवादी दिनेश पटेलले यस कार्यालयमा गरेको बयान ।

(७) यसमा अभियोग-पत्रसाथ पेश भएका प्रतिवादी दिनेश पटेलले हतियार आफ्नो साथबाट वरामद भएको होइन, शेष ताहिर भन्ने मानिसले फालेर हिडेकाले मैले देखाई दिएको मात्र हो भनी वयान गरेको भएता पनि पेश भएको वरामदी मुचुल्का, बुझिएका मानिसले लेखाई दिएको कागज,र प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानलाई अन्यथा भन्न सकिने अवस्था देखिएन तसर्थ यी प्रतिवादी अहिले नै निर्दोष छन् भन्ने अवस्था नहुदा पछि मुद्दा किनारा हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९को दफा २४(क) बमोजिम निज दिनेश पटेललाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत यस कार्यालयबाट मिति २०६९।१२।२७ मा भएको थुनछेक आदेश ।

(८) केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला काठमाण्डौको च.नं.४२२३ मिति २०६९।१२।२९ को पत्रबाट उक्त पेस्तोल It is a local made( Home Made) pistol without magazine through which 7.65mm caliber pistol cartidges can be fired. भन्ने समेत व्यहोराको हतियार परीक्षण प्रतिवेदन संलग्न रहेको ।

(९) प्रतिवादी शेष ताहिरका नाममा जारी म्याद तामेल हुन नसकी फिर्ता आएकोमा निजको ठेगाना यकिन गरी पठाउन जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौंमा लेखी पठाइएकोमा सो कार्यालयको च.नं.२६३७ मिति २०७०।८।२८ को पत्रबाट अन्य वतन पत्ता लाग्न नसकेको व्यहोरा लेखि आएको ।

## यस कार्यालयको ठहर

(११) नियम बमोजिम मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६९।१२।२ गतेका दिन काठमाण्डौं जिल्ला किर्तीपुर नगरपालिका वडा नं.१३ चोभार स्थित सार्वजनिक स्थानको चौरमा प्रतिवादी दिनेश पटेलको साथबाट पेस्तोल थान १, म्याग्जिन थान १ र गोली राउण्ड २ वरामद भएको र सो हातहतियार खरखजना ल्याउने राख्ने कार्यमा प्रतिवादी शेष ताहिरको समेत संलग्नता पुष्टि भएकोले प्रतिवादीहरु शेष ताहिर र दिनेश पटेललाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) र ५(१) विपरितको कसूरमा ऐ. दफा २०(२) र २०(३) बमोजिम बमोजिम सजाँय गरी वरामद हतियार खरखजना ऐ. दफा १६ वमोजिम जफत गरी पाउँ भन्ने अभियोग माग दावी रहेछ ।

यसमा यी प्रतिवादीहरुले अभियोग मागदावी कसूर गरेका हुन होइनन् , कसूर गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न कागजात अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा प्रतिवादी वनाइएका शेष ताहिरको नाउमा यस कार्यालयबाट जारी भएको म्याद वतन फरक परेको भनी फिर्ता आएको र यकिन वतन सम्वन्धमा वादी पक्षलाई पत्राचार गर्दा यकिन वतन पत्ता नलागेको भनी जवाफ प्राप्त भएकोले यकिन वतन खुली पुनः अभियोग-पत्र पेश भए वा पक्राउ परी आएका वखत कानून बमोजिम हुने नै हुँदा हाल

निजको सम्वन्धमा केही बोली रहन पेरन । प्रतिवादी दिनेश पटेलको हकमा विचार गर्दा मिति २०६९/१२/०२ गते निजको साथबाट पेस्तोल थान १, म्याग्जिन थान १ र गोली राउण्ड २ वरामद भएको भन्ने वरामदी मुचुल्का भई रोहवरमा यी प्रतिवादी बसी आफ्नो साथबाट वरामद भएको भनी सहीछाप गरेको देखिन्छ । अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्षको वयानमा यी प्रतिवादीले शेष ताहिरले हतियार विक्री भएपछि आउने पैसा बाँडी लिने शर्तमा पर्साबाट आफुलाई हतियार र गोली दिई काठमाण्डौ पठाएको र आफुले म्याग्जिन सहितको पेस्तोल थान १ र गोली राउण्ड २ वोकी शेष ताहिरसँग कुराकानी गरी रहेको अवस्थामा प्रहरी आई आफुलाई पक्राउ गरेको र शेष ताहिर भागेको भनी खुलाएका र यस कार्यालय समक्षको वयानमा शेष ताहिरले हतियार र गोली खाल्डोमा फाली गएकोमा आफुले प्रहरीलाई देखाई दिएको भनी कसूरमा आंशिक  सावित रहेको देखिन्छ ।

अनुसन्धानको क्रममा बुझिएका मानिसहरु अशोक मरासिनी, राजिव शाही र टिकारत्न मानन्धरले प्रतिवादी दिनेश पटेललाई प्रहरीले पेस्तोल र गोली सहित पक्राउ गरेको र निज हातहतियार खरखजना विक्री गर्ने व्यक्ति भएको भनी खुलाई कागज गरेको देखिन्छ । वरामद भएको हतियार स्थानीय स्तरमा उत्पादित पेस्तोल भएको, म्याग्जिन सोही पेस्तोलको म्याग्जिन भएको, गोली सोही पेस्तोलमा लाग्ने गोली भएको, पेस्तोल चालु हालतमा रहेको र गोली जिवीत रहेको भन्ने परीक्षण प्रतिवेदन देखिंदा वरामद भएको चिजबस्तु हातहतियार खरखजना भएको पुष्टि हुन आउछ । तत्काल प्राप्त प्रमाणहरुका आधारमा कसूरदार देखिएकाले यी प्रतिवादीलाई थुनामा राखी मुद्दा पूर्पक्ष गर्ने गरी यस कार्यालयबाट मिति २०६९।१२।२७ मा भएको आदेश बमोजिम यी प्रतिवादी मुद्दा पूर्पक्षका लागि थुनामा बसेका रहेछन् । प्रतिवादीले यस कार्यालय समक्षको वयानमा आफु निर्दोष छु भनी जिकिर लिएता पनि सो को पुष्टी गर्ने कुनै साक्षी प्रमाण पेश गर्न सकेको देखिएन । तसर्थ बरामदी मुचुल्का, प्रतिवादीको वयान, बुझिएका मानिसहरुको कागज, हातहतियार खरखजना परीक्षण प्रतिवेदन समेतका आधारमा यी प्रतिवादी दिनेश पटेलले विक्री गरी पैसा कमाउने मनसायबाट हातहतियार तथा खरखजना वाहिरबाट काठमाण्डौ ल्याई साथमा बोकी हिडेको पुष्टि हुन आएकोले प्रतिवादी दिनेश पटेलले अभियोग दावी वमोजिम हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) विपरित विना लाईसेन्स हातहतियार खरखजना साथमा राखेको, बोकी हिंडेको कसूर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई ऐ. दफा २०(२) बमोजिम ३ (तीन) वर्ष कैद र ऐ. दफा २०(३) बमोजिम १(एक) वर्ष गरी जम्मा ४(चार) वर्ष कैद हुन्छ । वरामद भई अभियोग पत्रसाथ पेश भएको पेस्तोल थान १, म्याग्जिन थान १ र गोली राउण्ड २  ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं. १८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी दिनेश पटेललाई ४(चार) वर्ष कैद हुने ठहरेकोले प्रतिवादी दिनेश पटेल अनुसन्धानको क्रममा मिति २०६९।१२।२ मा पक्राउ परी सोही मिति देखि प्रहरी हिरासतमा रही यस कार्यालयको मिति २०६९।१२।२७ को आदेशले थुनामा बसेको देखिदा पक्राउ परेको मितिबाट लागू हुने गरी नियमानुसार कैदीपूर्जि दिनू ..........................................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु...................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी दिनेश पटेललाई पुनरावेदन म्याद दिनु.................................................. ३

जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौंलाई प्रस्तुत फैसलाको जानकारी दिनू..........................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भएबमोजिम लेख्ने
ना.सु.परशुराम थापा

इति सम्बत् २०७१ साल आश्विन ७ गते रोज ३ शुभम् ..........

..................................
**(बसन्त राज गौतम)**
प्रमुख जिल्ला अधिकारी